# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा,झापा
१ नं. प्रदेश नेपाल

प.स. २०७५/२०७६
च.न. ४९६

मिति २०७५/०५ /२५

श्री वडा समितिको कार्यालय सबै
मेचीनगर नगरपालिका, झापा

**बिषय : जानकारी सम्बन्धमा ।**

उक्त सम्बन्धमा यस मेचीनगर नगरपालिकाको आ.व. २०७५।०७६ को लागि शुल्क असुली ठेक्का बन्दोवस्त गर्न प्रकाशित सुचना पना थान १ यसै साथ पठाईएको छ । तहा कार्यालयको सूचना पाटिमा टास गरी मुचुल्का पठाईदिनु हुन अनुरोध गरिन्छ ।

वोधार्थ
सुचना प्रविधी उप शाखा वेबसाइट मा उपलोड गरि दिनु हुन ।

सहदेव रायमाझी
प्रमुख प्रशासकीय अधिकृत

# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा,झापा
१ नं. प्रदेश नेपाल

*कर,शुल्क अशुली ठेक्काको शिलबन्दी बोलपत्र आह्वानको सूचना*

**दोस्रो पटक सूचना प्रकाशित मिति २०७५/०५/२६**

यस मेचीनगर नगरपालिकाको स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम कर,शुल्क असुली गर्न तपशिलमा उल्लेख भएको न्युनतम अंकमा नघटाई आ.व. २०७५/२०७६ वर्ष एक कालागि तोकिएको शर्त बन्देजमा रही ठेक्का लिन चाहने इच्छुक मु.अ.कर (VAT) दर्ता फर्मले सूचनामा तोकिएको मिति र समय भित्र मेचीनगर नगरपालिका कार्यालय ईटाभट्टा, झापाबाट बोलपत्र फारम खरिद गरि तोकिएको मिति र समय भित्र मेचीनगर नगरपालिका कार्यालय ईटाभट्टा,झापामा रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ बिस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ वा www.mechinagarmun.gov.np मा समेत हेर्न सक्नु हुनेछ ।

*तपशिल*

१) धरौटी बापत आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १0% ( दश प्रतिशत) रकम न.पा.को नाउँमा रहेको नेपाल बैंक लिमीटेड काकरभिट्टा स्थित धरौटी हि.नं.ग-३ ( १०६०३०००००००३००००२) मा जम्मा गरेको सक्कल भौचर वा सोहि रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको ९० (नब्बें) दिन अवधिको विडवण्ड (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । नगद धरौटीलाई मान्यता दिईने छैन । बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्नु पूर्व आफुले कवोल गरेको अंकको १३ प्रतिशत VAT (मु.अ.कर ) वापतको रकम राजश्व खातामा जम्मा गरेको सक्कलै प्रति भौचर सहित कवुल अंकको ५% (पाँच) प्रतिशतका हिसावले हुन आउने थप धरौटी रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा आ.ब.२०७५/२०७६ को आषढ मसान्त सम्मको अवधिको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बाणिज्य बैकबाट मेचीनगर नगरपालिकाको नाममा जारी गरिएको परफरमेन्स वण्ड ( बैंक जमानत पत्र) पेश गर्नु पर्नेछ ।

२) उल्लेखित शर्त बाहेक अन्य शर्तहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

*तपशिल*

| सि. नं. | ठेक्काको नाम | न्युनतम बार्षिक अंक रु | फारम दस्तुर रु | फारम खरिद गर्ने अन्तिम मिति र समय | फारम दाखिला गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्यारिभिट्टा बसपार्क पार्किङ शुल्क | ५०००००/०० | १०००/०० | सूचना प्रकाशित भएको मितिले १५ औ दिन ४ बजे भित्र | सूचना प्रकाशित भएको मितिले १६ औ दिन १२ बजे भित्र | |

...............

प्रमुख प्रशासकीय अधिकृत